

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १० गते मंगलबार ❑ 26 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आगामी चुनावसम्म गठबन्धन कायमै रहन्छ : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

नेपाल कम्युनिष्ट पार्टी( एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आगामी प्रतिनिधिसभा निर्वाचनसम्म नै वर्तमान सत्ता गठबन्धन कायमै रहने बताउनुभएको छ ।



४४ औं पुष्पलाल स्मृति दिवसका सन्दर्भमा पुष्पलाल स्मृति प्रतिष्ठान कास्कीले सोमबार पोखरामा आयोजना गरेको विचार गोष्ठीमा उहाँले प्रतिगमन रोक्न, संविधान र सङ्घीयता जोगाउन पाँचदलीय गठबन्धन बनाएर चुनावमा जानुपरेको बताउनुभयो ।

अध्यक्ष नेपालले निर्वाचनमा दलबीच सिटको बाँडफाँट भने सम्मानजनक हुनपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "अहिलेको गठबन्धन टुट्ने वाला छैन, आउने चुनावसम्म कायमै रहन्छ, तर निर्वाचनमा जम्मै सिट जति आफू लिउँला, उर्घिएको मात्र दिउँला भनेर कुनै पार्टी विशेषले सोच्छ भने हामी टुलुटुलु हेर्ने वाला छैनौं, आफ्नो शक्तिमा भरोसा गरेर अघि बढ्नेछौं ।"

कम्युनिष्ट आन्दोलनलाई सशक्त बनाउँदै राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय, समानता र जनजिविकाको झण्डालाई बुलन्द पार्न पुष्पलालका अनुयायीले उहाँबाट प्रेरणा प्राप्त गर्दै अघि बढ्न सक्नुपर्नेमा उहाँको जोड छ । पुष्पलालले अवलम्बन गर्नुभएको बाटोमा कहिल्यै पनि खोट नभएको बताउँदै अध्यक्ष नेपालले उहाँकै विचारबाट निर्देशित कम्युनिष्ट पार्टीले जनतामा प्रभाव जमाउन, जनताको विश्वास जित्न सफल भएको र कम्युनिष्ट जनमत नेपालमा बलियो बनेको उल्लेख गर्नुभयो । कार्यक्रममा नेकपा(एकीकृत समाजवादी)का केन्द्रीय उपाध्यक्ष केशवलाल श्रेष्ठ, नेकपा(माओवादी केन्द्र)का पोलिटब्युरो सदस्य हरिबहादुर चुमान, अधिवक्ता तिलक पराजुली लगायतले नेपाली राजनीतिलाई उलटपुलट गर्ने पुष्पलालका विचारलाई परिवर्तनका अभियन्ताले आत्मसात गर्नुपर्ने र योगदान कहिल्यै बिर्सन नहुनेमा जोड दिनुभएको थियो ।

## नियमित हवाई उडानबारे छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवबीच आतबार साँझ पोखरामा भेटवार्ता भएको छ ।

उहाँहरूबीच पोखरा र भारतका विभिन्न सहरबीच भगिनी सम्बन्ध विस्तार, पर्यटकीय पूर्वाधार र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतमा नियमित हवाई उडान सञ्चालनलगायतका विषयमा छलफल भएको बताइएको छ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएर अब सञ्चालनको तयारीमा रहेकाले भारतको बनारसलगायत विभिन्न सहरमा नियमित उडानमार्फत पोखरालाई भारतसँग जोड्ने चाहना आफूहरूको रहेको भेटपछि प्रमुख आचार्यले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । भारतीय सहरमा हवाई उडान सञ्चालनका लागि नेपाल सरकार मार्फत आफूले पहल गर्ने र भारतमा वातावरण मिलाउन उहाँले राजदूत श्रीवास्तवलाई भेटमा आग्रह गर्नुभयो । प्रमुख आचार्यले पोखरा र यस आसपासको विकास निर्माणमा भारतको तर्फबाट भएको सहयोगप्रति आभार प्रकट गर्दै पोखरालाई पर्यटकीय राजधानी घोषणाको तयारी भइरहेकाले त्यसका लागि चाहिने ठूला पूर्वाधारका योजनामा भारतीय सहयोगको अपेक्षा गर्नुभएको थियो । सो अवसरमा भारतीय राजदूत श्रीवास्तवले पोखराको मनोरम प्रकृतिको प्रसंसा गर्दै नेपाल सरकारसँग सहकार्य गर्दै पोखराको पूर्वाधार विकासमा सहयोग रहने प्रतिबद्धता जनाउनुभयो । काठमाडौं पछि पोखरालाई महत्व दिएर नै यहाँ 'पेन्सन क्याम्प'नै राख्नेदेखि विभिन्न परियोजनामा सहकार्य भएको राजदूत श्रीवास्तवले बताउनुभयो । पोखरामा कुनै राम्रो परियोजनामा सहयोग गर्न आफूहरूले चाहेको र नेपाल सरकारसँग यस विषयमा आवश्यक सहकार्य गरेर अगाडि बढ्ने उहाँको भनाइ थियो ।

## मङ्कीपक्स बढ्न थालेपछि निगरानी बढाउन डब्लुएचओको आह्वान

**रासस**
**काठमाडौं, ९ साउन**

विश्वस्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले मङ्कीपक्स सङ्क्रमणलाई जनस्वास्थ्य आपत्कालका रूपमा घोषणा गरेको छ । बहुर्राष्ट्रिय प्रकोपको समीक्षा गर्न यही साउन ७ गते बसेको अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन आपत्कालीन समितिको बैठकमा सङ्गठनका महानिर्देशक डा टेड्रोस अधानोम गेब्रेयससले मङ्कीपक्स द्रुत गतिमा बढेकाले जनस्वास्थ्य आपत्कालको रूपमा घोषणा गर्नुभएको हो ।

सङ्क्रमण बढ्न थालेपछि डब्लुएचओले दक्षिण-पूर्वी एसिया क्षेत्रका देशहरूलाई मङ्कीपक्सको निगरानी र जनस्वास्थ्यका उपायलाई सुदृढ बनाउन आह्वान गरेको छ । "मङ्कीपक्स द्रुत गतिमा फैलिरहेको छ र यो पहिले नदेखिएका धेरै देशमा समेत फैलिरहेको छ। जुन ठूलो चिन्ताको विषय हो", डब्लुएचओको जारी गरेको विज्ञप्तिमा दक्षिण-पूर्वी एसिया क्षेत्रका लागि निर्देशक डा पुनम खेत्रपाल सिंहले भन्नुभएको छ, "यद्यपि, पुरुषसँग यौनसम्पर्क


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरा रिसर्च र प्रदेश सभाका सदस्य विच अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

पोखरा रिसर्च सेन्टरको आयोजनामा पुर्वा ब्यबसयिक संसदीय सहयोग कार्यक्रमका फेलोहरु र गण्डकी प्रदेश सभाका सदस्यहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रममा उपस्थित गण्डकी प्रदेश सभाका सदस्यहरु लगायतका सबै सहभागीहरुलाई स्वागत गर्दै पोखरा रिसर्च सेन्टर कि मोनिका रानाभाटले प्रदेश सभाको सुद्रिढिकरणमा सहयोग गर्नु नै कार्यक्रमको मुख्य उदेश्य रहेको बताइन । कार्यक्रममा पुर्वा ब्यबसयिक संसदीय सहयोग कार्यक्रमका फेलोहरुले तयार पारेको प्रदेश सभाका सदस्यहरुको प्रोफाइलको प्रस्तुतिकरण गरिएको थियो । फेलोहरुले प्रदेशसभा सदस्यहरुले प्रदेशसभामा प्रस्तुत गरेका र उठाएका विषय वस्तुबारे सुष्म अनुसन्धान गर्दै तयार गरेका थिए ।

प्रस्तुतिकरण पश्चात को खुला छलफलमा गण्डकी प्रदेश सभाको विधायन समितिका सभापति विष्णुप्रसाद लामिछाने, अर्थ तथाविकास समितिका सभापतिदीपक कोइराला, विधायन समिति सदस्यहरु धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, राजीव पहारी, पियारी थापा र अर्थ तथा विकास समितिका सदस्य ईन्द्रलाल सापकोटाले सहभागीहरुले राखेका प्रश्नहरुको उत्तर दिदै आफ्ना बिचारहरु राखेका थए । पोखरा रिसर्च सेन्टरले नीति निमार्णमा युवाहरुको सहभागिता गराउने उद्देश्य राखी पोखरा रिसर्च सेन्टरले गण्डकी प्रदेशका ११ जिल्लाहरुबाट २० देखि ३० बर्ष उमेर समूहका ५० जनायुवाहरुलाई छनोट गरिएको थियो । प्रदेशमै पहिलो पटक २०२० मापुर्व ब्यबसायिक संसदीय सहयोग फेलोशिप कार्यक्रम आयोजना गरी हाल २०२१, २२ मा गण्डकी प्रदेशमा दोस्रो कोहर्ट र कर्णाली प्रदेशमा पहिलो कोहर्टको आयोजना गरीरहेको हो । यस कार्यक्रम गण्डकी प्रदेशका युवालाई नीति निमार्ताहरु सँग रहि कानुन निर्माण तथा सार्वजनिक नीतिमा ज्ञान हासिल गर्नका लागि आयोजना गरिएको नौलो किसिमको कार्यक्रम भएको पोखरा रिसर्च सेन्टरका कार्यकारी निर्देशक सुजन रेग्मीले बताएका थिए ।

## अवरुद्ध विकासको कामले तीव्रता लिन्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ९ साउन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अवरुद्ध विकासको कामले तीव्रता पाउने बताउनुभएको छ ।



तनहुँको व्यास नगरपालिका-७ कलेस्ती बजारमा आज स्थानीयवासीसँगको भेटघाट कार्यक्रममा उहाँले जिल्लाको विकास निर्माणका लागि चिन्ता नलिन आग्रह गर्नुभयो ।

तनहुँको विकासको जिम्मा आफूले लिएको बताउँदै वरिष्ठ नेता पौडेलले भन्नुभयो, "गत प्रतिनिधिसभा निर्वाचनबाट तनहुँका सबै क्षेत्रमा कम्युनिष्टले जितेपछि विकासको कामले गति लिन सकेन, यो बीचमा ठूला योजना सञ्चालन हुन सकेनन्, तर अब जिल्लाको विकासको जिम्मा म लिन्छु ।" वरिष्ठ नेता पौडेलले जिल्लाले विकासमा काँचुली फेर्ने बताउनुभयो ।

विगतमा राष्ट्रिय राजनीति र राष्ट्रिय मुद्दामा व्यस्त रहनुपर्दा जिल्लामा कम मात्रै आउने गरे पनि आफू जिल्लाको विकासका लागि सधैँ क्रियाशील रहेको उहाँको भनाइ थियो । नेता पौडेलले आजै व्यास नगरपालिका र भानु नगरपालिकाका विभिन्न ठाउँमा जनतासँग भेटघाट गर्ने कार्यक्रम रहेको छ । व्यास-७ का छापथोक, मेवावारी, जौबारी र गैह्रीस्वाँरा तथा भानु-१३ का पोखरीछाप, टुटेपानी, बाँसपानी, बयापानी, ओख्ले, रायपाली, अर्चले, रतनपुर र आहालेमा जनतासँग भेटघाट गर्ने कार्यक्रम रहेको छ ।

## बङ्गलादेशमा पर्यटन प्रवर्द्धन गर्दै नेपालका फोटो पत्रकार

**रासस**
**काठमाडौं, ९ साउन**

राष्ट्रिय फोटो पत्रकार समूह नेपालको रजत महोत्सवका अवसरमा मुलुकको पर्यटन प्रवर्द्धमा गर्ने उद्देश्यले सोमबार बङ्लादेशको ढाकामा फोटो प्रदर्शनी गरिएको छ ।

समूहका अध्यक्ष तथा राससका फोटो पत्रकार प्रदीपराज वन्त र कोषाध्यक्ष सागर श्रेष्ठले ढाकामा फोटो प्रदर्शनीमार्फत नेपाल घुम्न जाऔँ भनी सन्देश प्रवाह गर्नुभएको छ । उहाँहरुले नेपाल आकर्षिक पर्यटकीय क्षेत्र रहेकाले घुमेर मनोरञ्जन लिन आह्वानसमेत गर्नुभएको थियो ।

'अमेजिङ नेपाल' नाम दिएर आज आयोजना गरिएको फोटो प्रदर्शनीमा नेपालका पर्यटकीय क्षेत्रका दुई दर्जनभन्दा बढी तस्वीरहरु प्रदर्शन गरिएको थियो ।


# हार्दिक बधाई



**प्रमोद नारायण श्रेष्ठ**
अध्यक्ष



**तिर्थ श्रेष्ठ**
नि. अध्यक्ष



**इन्दिरा मर्सानी श्रेष्ठ**
प्रथम उपाध्यक्ष



**ओमनाथ अधिकारी**
द्धित्तीय उपाध्यक्ष



**विनोद प्रसाद श्रेष्ठ**
निर्देशक



**रवि मर्सानी**
सदस्य



**देवेन्द्र पराजुली**
कोषाध्यक्ष



**नवराजकुमार गोठाजु**
सह-सचिव



**योजना मर्सानी**
सदस्य



**विकास श्रेष्ठ**
सदस्य



**प्रदिप कुमार मुल्मी**
सदस्य



**सुनिल श्रेष्ठ**
सदस्य

पोखराको अंग्रणी समाजिक संस्था सिद्धार्थ क्लबको आ.व.२०७९/०८० का लागि निर्वाचित अध्यक्ष **श्री प्रमोदनारायण श्रेष्ठ** लगायत सम्पूर्ण पदाधिकारीहरुलाई **हार्दिक बधाई** सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि.
Nava Siddhartha Women Saving & Credit Co-operative Ltd.
पोखरा-८ बगालेटोल फोन नं. ०६१-५७३४३५

# सराङकोटमा लाँलीगुरास अभियान

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

राष्ट्रिय फुलको रुपमा परिचित लालीगुरासको विकास तथा संरक्षणका लागी सराङकोटमा लालीगुरास वृक्षारोपण गरिएको छ।

प्रमुख पर्यटकीय, धार्मिक स्थल सराङकोट टप, शिव मन्दिर, भ्यूटावर वरिपरि पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले वृक्षारोपणको शुभारम्भ गर्नु भएको थियो । पोखरालाई पर्यटनको मुख्य आधारका लागी पोखराको खाली स्थलहरुमा सौन्दर्यकरण संगै पोखरा बजार वरपर लालुपाते र अग्ला डाडाँमा लालीगुरास लगाउन महानगरले सहयोग गर्ने आचार्यले बताए।

पहिलो चरणमा ११ प्रजातीका लालीगुरास विरुवा



लाई अझ ब्यापक बनाई नेपालमा पाइने ३२ प्रजातीका लालीगुरास खाली ठाउँ मा लगाइने योजना रहेको अभियान्ता ढाकाराम लामिछानेले बताए।

कार्यक्रममा जिल्लावन कार्यलयका प्रमुख केदार बराललले सामुदायिक बन तथा खाली रहेको डाडाँहरुमा लालीगुरास रोप्न तथा संरक्षण गर्न सके सौन्दर्यकरण सगै राष्ट्रिय फुलको महत्व बढ्ने बताए। सराङकोट बहुउद्देश्यीय सहकारीसस्थाको सामाजिक उत्तरदायित्व वातावरण मैत्री कार्यक्रम अर्न्तगत सराङकोट धार्मिक पर्यटन क्षेत्र विकास समितिको सयुक्त आयोजनामा गरीएको कार्यक्रममा वृक्षारोपण गरीएको बिरुवाको संरक्षण जिम्मेवारी सहकारीले लिने संस्थाका अध्यक्ष कृष्णबहादुर थापाले बताए।

सराङकोट धार्मिक पर्यटन क्षेत्र बिकाश समितिका अध्यक्ष प्रेम बहादुर जि सी को सभापतित्वमा भएको कार्यक्रममा पोखरा महानगरपालिका १८ का वार्ड अध्यक्ष शिव प्रशाद तिमिल्सीना, संस्थाका सल्लाहकार कमलनयन गौतम, सोभियत बहादुर अधिकारी, इन्द्र कमल मानन्धर ,संस्थाका सचिव कुलप्रसाद सुवेदी लगायतले आ-आफ्नो धाराण राखेका थिए। पहिलो चरणमा ८० बिरुवा रोपिएको कार्यक्रम मा संस्थाले क्रमश अन्य स्थानहरुमा समेत लालीगुरास वृक्षारोपण, संरक्षण गरिने संस्थाका सह सचिव माया कुमारी शर्माले बताईन।



संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ सोमबार पोखरा महानगरपालिका-१७, रातोपैह्रोमा अवस्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको अवलोकन गर्नुहुँदै। तस्बिरःराधिका कँडेल/रासस

# शीत भण्डारमा आलु बिग्रियो, किसानले पाएनन् क्षतिपूर्ति

पोखरापत्र संवाददाता
वालिङ, ९ साउन

भण्डारण गरेको बीउ आलु बिग्रिएपनि यहाँका किसानले क्षतिपूर्ति पाउन सकेका छैनन् । स्याङ्जाको भीरकोट नगरपालिका- ५ पकानका किसानले राखेको आलु बिग्रेको लामो समय हुँदा पनि क्षतिपूर्ति नपाएको उनीहरुको गुनासो छ।

पकानका किसानले सामूहिक वा व्यक्तिगतरुपमा उत्पादन गरेको बीउ आलुको सुरक्षित भण्डारणका लागि वालिङ- ११ अमलेस्थित ढुङ्गाना कृषि फर्मद्वारा सञ्चालित शीत भण्डारमा राखेको पकानका अगुवा किसान शेषकान्त तिवारीले बताउनुभयो । शीत भण्डारमा राखिएको बीउ आलु लगाउन योग्य नहुने गरी शीत भण्डारमा बिग्रिँदा यहाँका धेरै किसान मर्कामा परेको उहाँले बताउनुभयो । "महँगो पर्ने बीउ आलुको सुरक्षित भण्डारणका लागि शीत भण्डारमा राख्यौँ" उहाँले भन्नुभयो, "शीत भण्डारको प्राविधिक समस्या हो या के हो भण्डारण गरिएको बीउ लगाउन नहुने प्राविधिकले राय दिएपछि त्यहीँ छोडेका हौँ ।" बीउ आलु बिग्रिएको पनि करिब डेढवर्ष भइसक्दासमेत शीत भण्डारले उचित क्षतिपूर्ति नदिएकोमा आफूजस्तै यहाँका सबै किसान मर्कामा परेको उहाँले दुःखेसो गर्नुभयो। यहाँका किसालने उत्पादन गरेको बीउ आलुको भण्डारणका लागि भीरकोट नगरपालिका कार्यालय र शीत भण्डारबीच सम्झौता भई पेश्कीस्वरुप रु एक लाख ५८ हजार शीत भण्डारलाई दिइएको निवर्तमान नगर प्रमुख छायाराम खनालले बताउनुभयो। "भण्डारण गरिएको बीउ आलु प्राविधिकको राय बमोजिम लगाउन योग्य नभएपछि नगरपालिका कार्यालय, शीत भण्डार सञ्चालक र सम्बन्धित किसान बसेर क्षतिपूर्तिका विषयमा सहमति गरेका थियौँ" निवर्तमान प्रमुख खनालले भन्नुभयो, "प्रतिकेजी रु ४० का दरले किसानलाई क्षतिपूर्ति उपलब्ध गराउने सहमति भयो तर अहिलेसम्म पनि शीत भण्डारले क्षतिपूर्ति उपलब्ध गराएको छैन।" सहमति अनुसार किसानले क्षतिपूर्ति नपाएको गुनासो बढ्दै गएपछि भीरकोट नगरपालिका कार्यालयले शीत भण्डारका नाममा क्षतिपूर्ति उपलब्ध गराउनका लागि पत्राचार गरेको नगरपालिका कार्यालयले जनाएको छ। शीत भण्डारको क्षमता १० टन रहेको र बढीमा १२ टनसम्म भण्डारण गर्न सकिने भनिएकोमा किसानको धेरै आलुको बीउ आएकाले समस्या भएको शीत भण्डार सञ्चालक श्यामप्रसाद ढुङ्गानाले बताउनुभयो । "शीत भण्डारको क्षमताभन्दा धेरै आलुको बीउ हुँदा पनि समस्या आयो" सञ्चालक ढुंगानाले भन्नुभयो, "तीन पक्षबीच भएको वार्तामा किसानलाई क्षतिपूर्ति दिने सहमति भएको हो, केही ढिलो भएको छ क्षतिपूर्ति नदिने पक्षमा छैनौँ, दिन्छौँ।" शीत भण्डारमा आलुका लागि जुन तापक्रम आवश्यक पर्ने हो सोभन्दा बढी तापक्रम भएकाले आलु उम्रिएको उहाँले बताउनुभयो । नबिग्रिएको आलु लैजान र बिग्रिएको आलुको क्षतिपूर्ति दिन खोज्दा किसानले नमानेपछि ढिला भएको सञ्चालक ढुङ्गाना बताउनुहुन्छ।

## मङ्कीपक्स...

गर्ने पुरुषको सम्बन्धमा भने जोखिममा रहेका जनसङ्ख्यामा केन्द्रित प्रयासमार्फत रोगको थप फैलावटलाई कम गर्न सम्भव छ।"

डब्लुएचओका अनुसार विश्वमा ७५ देशहरूमा १६ हजारमा मङ्कीपक्सका सङ्क्रमण पुष्टि भएका छन् । दक्षिण-पूर्वी एसिया क्षेत्रमा, भारतमा तीन र थाइल्याण्डमा एक गरी जम्मा चार मङ्कीपक्सका सङ्क्रमण पुष्टि भएका डब्लुएचओले जनाएको छ । भारतमा मध्यपूर्वी देशबाट घर फर्केकामा र थाइल्याण्डमा भने त्यहीँ बसोबास गर्दै आएका एक विदेशी नागरिकमा मङ्कीपक्स सङ्क्रमण पुष्टि डब्लुएचओले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । "विश्वव्यापीरुपमै र यस क्षेत्रमा मङ्कीपक्सको जोखिम मध्यम भए पनि अन्तर्राष्ट्रियस्तरमा यसको थप फैलावटको सम्भावना भने छ। साथै, भाइरसबारे अझै धेरै अनभिज्ञ छन्। मङ्कीपक्स सङ्क्रमण थप फैलनबाट रोक्नका लागि हामी सजग रहनुपर्छ र द्रुत प्रतिकार्यका लागि तयार हुनुपर्छ", डा खेत्रपाल सिंहले भन्नुभयो । प्रकोप सुरु भएदेखि नै डब्लुएचओले जोखिम मूल्याङ्कन र जनस्वास्थ्यका उपायको सुरुआत गर्नका साथै यस क्षेत्रमा परीक्षण क्षमताको विकास गर्न पनि सहजीकरण गर्दै आएको जनाएको छ । मङ्कीपक्सको प्रतिकार्यका लागि प्रभावित समुदायलाई सहभागी बनाउनु र सुरक्षित गर्नु, निगरानी र जनस्वास्थ्यका उपायलाई तीव्र बनाउनु, स्वास्थ्यसंस्थामा उपचार व्यवस्थापन र सङ्क्रमण रोकथाम तथा नियन्त्रणलाई बलियो बनाउनु र खोपको प्रयोग, उपचार तथा अन्य उपायको अनुसन्धानलाई बढाउनु मुख्य उपाय हुन्। मङ्कीपक्स भाइरस सङ्क्रमित जनावरसँगको अप्रत्यक्ष वा प्रत्यक्ष सम्पर्कबाट मानिसमा सर्ने गर्दछ। सङ्क्रमित व्यक्तिको छाला वा बिमिरा र श्वासप्रश्वासका थोपाको प्रत्यक्ष सम्पर्कमा आएमा मानिसदेखि मानिसमा यो रोग सर्न सक्छ। हाल प्रकोप फैलिएका देशमा मङ्कीपक्स सङ्क्रमणमध्ये मुख्यरूपमा यौन सम्पर्कसहित नजिकको शारीरिक सम्पर्कमार्फत सङ्क्रमण भएको देखिएको डब्लुएचओले जनाएको छ। सङ्क्रमित छालाका कण भएका ओछ्यान, विद्युतीय उपकरण, कपडाजस्ता सङ्क्रमित सामग्रीबाट पनि रोग सर्न सक्छ।

# गोष्तेघाट खेल मैदानमा राष्ट्रिय स्तरकै फुटवल खेलकै सुरुवात गर्न चहान्छन स्थानीय

पोखरापत्र संवाददाता
पोखरा, ९ साउन

सायद पोखरा रंगशाला पछिको प्यारापिट सहितको खुल्ला सडक संजालको पहुच भएको फुटवल मैदान मध्य एकमा पर्छ पोखरा महानगरपालिका वडा नम्बर १९ मा रहेको गोष्तेघाट खेल मैदान।

लामो समय देखि फुटवल मैदान बनाउन लागि परेका स्थानियले उक्त खेल मैदानमा अब राष्ट्रिय स्तरकै फुटवल प्रतियोगिता सुरुवात गरी मैदान संचालनमा ल्याउन चाहेका छन्। खेलस्थल व्यबस्थापन उपसमिति संयोजक एंव राखेपका सदस्य राजेशकुमार गुरुङले नेतृत्वको टोली खेल मैदान अवलोकन गर्न सोमबार उक्त मैदानमा पुगेका वेला गोष्तेघाटमा फुटवल खेल आयोजना गर्न स्थानियको माग थियो । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगत फुटवल खेल गोष्तेघाटमै संचालना गर्न गोष्तेघाट खेल मैदान निर्माण समितिका अध्यक्ष सुरेन्द्रमानसिंह भण्डारीले माग गरे। आफुहरुले लामो समय देखि मेहेनत गरी फुटवल खेल संचालन हुने गरी भौतिक पूर्वाधार सहितको फुटवल मैदान तयार पारेकोले नवौं राष्ट्रिय खेलकुद अर्न्तगत फुटवल खेल गोष्तेघाटमै संचालनको लागि पहल गर्न संयोजक गुरुङ सहितको टोली समक्ष आग्रह गरे।



उनले भने "हामीले यहाँ निजी तथा सरकारीतवरबाट ठुलो लगानीमा निर्माण गरेको यस खेल मैदानमा राष्ट्रिय स्तरको खेल हुन सकेमा हामीलाई पनि प्रोत्साहन हुने छ, बाँकी अधुरा भौतिक पूर्वाधार निर्माणमा हामीले खेल संचालनसम्म तयार पार्न सक्छौं।" समितिका सचिव बुद्धि बहादुर क्षेत्री खत्रीले सरकारी निकायबाट करिब साँढे ३ करोड सहित हालसम्म उक्त प्याराफिट ,फुटवल मैदान सहितको गोष्तेघाट खेल मैदान निर्माण गर्न करिब ६ करोड लगानी भएको दाबी गरे।

हालसम्म कुनै पनि राष्ट्रिय प्रतियोगिता गोष्तेघाटनमा नभएकोले यसपाली पोखरा रंगशाला पछिको भौतिक पूर्वाधार र प्यारापिटको हिसावले आफुहरुले निर्माण गरेको फुटवल खेल मैदान उपयुक्त हुने खत्रिको बुझाई छ। ६६ मिटर चौडाई र १ सय ६ मिटर लम्बाईको उक्त फुटवल खेलमा राष्ट्रिय स्तरको प्रतियोगिता गर्न सकिने उनले जनाए। उक्त प्रतियोगिता गोष्तेघाटमा हुन भए खेलाडी चेन्जिङ रुम, सौचालयहरु निर्माणको चरणमा रहेकोले त्यसको फिनिसिङको लागि करिब ५० लाख रुपैया आवश्यक पर्ने एन्फा कास्कीका समेत सचिव खत्रिले बताए।

पोखरा १९ को वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले स्थानियको माग अनुसार र महानगरले उक्त स्थानमा फुटवल खेल संचालनको लागि आवश्यक सहयोग गर्न पहल गर्ने बताए। खेलस्थल व्यबस्थापन उपसमिति संयोजक गुरुङले गोष्तेघाट खेल मैदानमा पहिलो चरणमा फुटवल र फुटवलको विकल्पमा हक्कि खेल समेत हुन सक्ने बताए।

अन्य क्षेत्रको भन्दा केही व्यबस्थित र खुल्ला र सडक पहुच भएकोले कुनै न कुनै खेल उक्त स्थानमा हुने उनको भनाई छ । नव आर्दश सामुदायिक विकास समाजका अध्यक्षा रेश्मा शेरचनले आफुहरुले उक्त खेल मैदानमा पहिलो पटक नै राष्ट्रिय खेलकुद प्रतियोगिता गर्न चाहेको बताइन्। संयोजक गुरुङको नेतृत्वमा खेलस्थल व्यबस्थापन उपसमितिका सचिव एवं पशिचमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका निर्देशक कृष्ण प्रसाद तिमिल्सिना, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, खेलकुदकर्मी, संचारकर्मी लगायतको सहभागिता रहेको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

